# वार्षिक नीति तथा कार्यक्रम,२०७९

**बुढिनन्दा नगरपालिकाको सातौं ऐतिहासिक नगरसभामा उपस्थित**
**सुदुरपश्चिम प्रदेश सभा सदस्य माननीय बलदेव रेग्मी ज्यु**
**नगरपालिकाका उप प्रमुख ज्यु,**
**उपस्थित सम्पुर्ण नगरसभाका सदस्य ज्युहरु,**

१. बुढिनन्दा नगरपालिकाको गरिमामय सातौं नगरसभामा नगरपालिकाको नगर प्रमुख तथा सभाको सभाध्यक्षको हैसियतले विकासको लागी मार्गदर्शकको रुपमा रहने स्थानिय सरकारको आर्थिक वर्ष ०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

२. सर्वप्रथम मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाभिमान, प्रजातन्त्र र राष्ट्रिय समृद्विका लागी विगतमा भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष र विभिन्न राजनैतिक आन्दोलनहरुमा जीवनको बलिदानी गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति उच्च सम्मान सहित हार्दिक श्रद्वासुमन अर्पण गर्दछु । साथै राजनैतिक आन्दोलनका क्रममा बेपत्ता भएका नागरिक र घाइते योद्वाहरु प्रति उच्च सम्मान तथा सहानुभुति प्रकट गर्दछु ।

३. हामी हाम्रो सार्वभौमसत्ता र राष्ट्रिय हित प्रति सजग छौं ।कहिल्यै कसैको दासत्व स्वीकार नगरेको हाम्रो ईतिहास प्रति गौरव गर्दछौं ।नेपाल भौगोलिक रुपमा विविधतायुक्त मुलुक हो । भुगोल मात्र होईन प्रकृति पनि विविधतायुक्त छ ।यो विविधता कुनै थिचोमिचोका कारणले आएको होईन । सभ्यता, भाषा र संस्कृतिको विकास एवं राष्ट्र निर्माणको प्रक्रियामा हाम्रो भुगोल, ईतिहास र विकासक्रमले दिएको यर्थाथ हो भने यी हाम्रा सामाजिक सम्पत्ति हुन ।

४. समृद्वि अब हाम्रा लागि सपना मात्र हुन सक्दैन । विकास बाहेक समृद्वि हासिल गर्ने अर्को बाटो छैन । विकासका लागि सबै पक्षहरुको राय, सल्लाह र सुझावलाई स्थानीय सरकारले गम्भीरताका साथ ध्यान दिनेछ ।तथ्य, कानुन र तर्कका आधारमा जनताका जायज मागहरुलाई सुन्ने र पुरा गर्ने काम हुनेछ ।संविधान प्रदत्त अवसर, स्थानीय सरकारबाट प्रदान गरिने सेवा तथा सुविधा र सम्मान सबै नगरपालिकाका जनताले सहज, वास्तविक अर्थमा प्राप्त गर्नेछन । बुढिनन्दा नगरपालिकाको स्थानीय सरकारबाट नगरबासि जनता, समाज, सबै जातजाति र भाषाभाषि, सबै आस्था र विश्वास, सबै संस्कृति र भेषभुषा, सबै समुदायहरुलाई समानता र सम्मान सहितको व्यवहार हुनेछ भन्ने विश्वास दिलाउन चाहान्छु ।

५. स्थानीय तहको विकास निर्माण, सुशासन, पारदर्शिता, समृद्वि, सुखि र खुसि, सहकार्य र समन्वयका साथ काम गर्न यो सरकार प्रतिवद्व छ ।यस्ता प्रतिवद्वता पुरा गर्न बुढिनन्दा नगरपालिकाको स्थानीय सरकार संघिय तथा प्रदेश सरकार, स्थानीय स्तरमा सक्रिय सम्पुर्ण राजनैतिक दलहरु, सरकारी तथा गैरसरकारी संघ संस्थाहरु साथै सबै सरोकारवालाहरुको साथ र सहकार्यका लागि हार्दिक अपिल गर्दछ ।वर्तमान पुस्ता र समाजले अनुभुत गर्ने खालको विकास र समृद्वि हासिल गर्न तर्फ यस सरकारले आव ०७९/०८० को निति तथा कार्यक्रमहरु तयार पारेको छ ।

६. कोरोना महामारिको प्रभाव सामान्यीकरण हुँदै गएको अवस्थामा यस महामारिले विगतमा नगरपालिकाको आर्थिक तथा सामाजिक क्षेत्रमा पारेको प्रभावलाई पुनस्थापित गर्दै सम्भावित चौथो लहर सँग लड्नलाई योजनाबद्ध रुपमा अगाडि बढ्ने निति लिईनेछ ।

७. नगरको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न नगर सरकार दृढ छ । हामीहरु योजनाबद्व र प्राथमिकताका आधारमा विकास निर्माणका कामहरु हुनुपर्छ भन्नेमा प्रतिवद्व छौं **।"मालिक होइन, सेवक हौ"** भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शि, मेहनती र सहयोगी संयन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई हामीले आफ्नो मार्गदर्शनका रुपमा ग्रहण गरेका छौ ।नगर सरकारको यो निति तथा कार्यक्रम **"सुखी जनताः समृद्ध बुढिनन्दा"** को आकांक्षा पुरा गर्ने दिशातर्फ केन्द्रित छ ।

८. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धमा बनेको ऐन, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, सार्वजनिक खरिद ऐन तथा नियमावलीका सान्दर्भिक नियमहरु, संघिय तथा प्रदेश सरकारले जारी गरेका निति, कानुन तथा मापदण्डहरु, सहस्राब्दी विकास लक्ष्य, जनतासँग गरिएका प्रतिबद्धताहरुलाई केन्द्रबिन्दुमा राखी नगर सरकारको तर्फबाट मैले आगामी आर्थिक वर्ष ०७९/०८० को निति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

९. नागरिकले अनुभुति गर्ने गरि विकासको प्रतिफल वितरण, शिक्षा तथा स्वास्थ्य प्रणालीमा सबैको सहज पहुँच, परिणात्मक तथा गुणात्मक सुधार, कृषि, पशुपालन, पर्यटन, व्यापार तथा व्यवसाय, लगानीको वातावरण, नगरको मुहार फेर्ने आयोजनाको सुरुवात, सुशासन, समावेशी विकास, दीगो विकास, नगर सरसफाई र हरियाली प्रवर्धन, नगरमा उपलब्ध पुँजी, सिप र क्षमताको प्रभावकारी उपयोग गर्न सहकारी र निजि क्षेत्रसँगको सहकार्य र निति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि संघिय तथा प्रदेश सरकारसँग सहअस्तित्व, समन्वय र सहकार्यलाई प्राथमिकतामा राखिनेछ ।

**माननीय प्रदेश सभा सदस्य ज्यु ,**
**नगरपालिकाका उप प्रमुख ज्यु ,**
**उपस्थित सम्पुर्ण नगरसभाका सदस्य ज्युहरु ,**

## शिक्षा क्षेत्रः

१०. शिक्षा प्रणालिको सुधारका लागि स्पष्ट दृष्टिकोण, प्रतिबद्वता र लगनशिलताका साथ अगाडि बढिनेछ । यसका लागि कुनै पनि प्रकारका बहानाबाजी, निजि तथा निहित स्वार्थ हाम्रा लागि स्वीकार्य हुने छैनन ।शिक्षा प्रणाली सुधार हचुवाका भरमा होईन कि स्थापित मान्यताको जगमा टेकेर प्रष्ट दृष्टिकोणका साथ शैक्षिक क्षेत्रको सबलीकरण तर्फ अगाडि बढि शैक्षिक विकासका नयाँ र सिर्जनशिल कार्यक्रमहरु संचालन गरिनेछ ।

११. शिक्षा प्रणालीलाई आर्थिक / सामाजिक रुपान्तरणको संवाहकको रुपमा विकास गर्नका लागि सबै तह एवं विधाको शिक्षामा समतामुलक पहुँचको सुनिश्चितता, गुणस्तरमा सुधार, व्यवस्थापकिय क्षमताको विकास, सामुदायिक एवं संस्थागत विद्यालय बीचको भिन्नताको अन्त्य, असल अभ्यासहरुको आदानप्रदान, शिक्षक तथा विद्यार्थिहरुको देश भित्रका चर्चित र नमुना सामुदायिक विद्यालयहरु अध्ययन तथा अवलोकनका लागि शैक्षिक भ्रमण, शिक्षकहरुको क्षमता विकासका लागि क्षमता विकास तालिम संचालन जस्ता कार्यक्रमहरु संचालन गरिनेछ । साथै शिक्षा क्षेत्रमा अपाच्य रुपमा देखिएको राजनितिकरणलाई अन्त्य गर्नका कडाईका साथ आवश्यक कामहरु गरिनेछ ।

१२. नगरपालिका भित्रका सम्पुर्ण सामुदायिक विद्यालयहरुमा देखिएको भौतिक पुर्वाधारको समस्यालाई समाधान गर्नका लागि आफ्नै स्रोत परिचालन गरि भवन निर्माण गर्नुका साथै संघिय तथा प्रदेश सरकारका सम्बद्व निकायमा समन्वय तथा पहल गरिनेछ ।साथै कक्षाकोठामा रहेको फर्निचर अभावको समस्यालाई समाधान गर्न **"धुलो मुक्त कक्षाकोठा कार्यक्रम"** संचालन गरिनेछ ।

१३. सामुदायिक विद्यालयको भोगाधिकार प्राप्त प्रयोगबिहिन जग्गामा बृक्षारोपण गरि हरियाली प्रवद्वन गरिनेछ । सबै विद्यालयहरुलाई सुचना प्रविधिसँग आवद्व गराई प्रविधियुक्त बनाईनेछ ।

१४. नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी मिलान र शिक्षकहरुको व्यवस्थापन विद्यार्थिहरुको सँख्याको आधारमा गरिनेछ । नतिजामा आधारित विद्यालय अनुगमन प्रणाली, विद्यार्थि भर्ना अभियान, केहि विद्यालयहरुको विस्तृत योजना निर्माण, पुर्ण सरसफाईयुक्त र हरियाली विद्यालय जस्ता थप प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

१५. प्रत्येक वर्ष प्राविधिक शिक्षा अध्ययन गर्ने यस नगरपालिका भित्रका कम्तिमा ५ जना हलिया, खलिया, जनजाति, मुस्लिम र विपन्न परिवारका विद्यार्थिहरुलाई प्रोत्साहन र सहुलियत दिन **"नगर प्रमुख छात्रवृत्ति कार्यक्रम"** संचालन गरिनेछ भने यसको प्रभावकारिता हेरि आगामी आर्थिक वर्षदेखि दायरा फराकिलो बनाईनेछ । साथै नगरपालिका क्षेत्रभित्र रहेका गुरुकुल, मदरसा, गुम्बाहरुको भौतिक तथा शैक्षिक विकासको लागि प्रोत्साहन दिईनेछ ।

१६. विद्यालयमा सुशासनलाई प्रवर्धन गर्नका लागि विद्यालय व्यवस्थापन समिति पुर्नगठन हुन बाँकी रहेका विद्यालयहरुको व्यवस्थापन समिति पुर्नगठन टुङ्गयाईनेछ भने विद्यालय व्यवस्थापन समिति पुर्नगठन नगरि लामो समयसम्म विद्यालयमा अवरोध बनिरहेने प्रवृतिको अन्त्य गरिनेछ ।विद्यालय अनुगमन मुल्याङ्कनलाई सघन रुपमा संचालन गरिनेछ ।

१७. विद्यार्थिहरुको सिर्जनशिलता तथा रचनात्मकता अभिवृद्विमा सहयोग पुगोस भन्ने हेतुले नगर विद्यालय स्तरिय हाजिरी जवाफ प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, वादविवाद प्रतियोगिता, निबन्द लेखन प्रतियोगिता, कविता लेखन प्रतियोगिता, चिठ्ठि लेखन प्रतियोगित जस्ता कार्यक्रमहरु

संचालन गरिनेछ भने सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा **सदन (House) गठन** कार्यक्रमलाई अनिवार्य बनाई अतिरिक्त क्रियाकलापहरु संचालन गर्न प्रोत्साहित गरिनेछ ।

१८. नगरपालिका भित्रका कक्षा १० देखि १२ कक्षा सम्मका किशोर किशोरीहरुलाई लोकेसेवा प्रति आकर्षण जगाउनका लागि **"लोकसेवा सचेतना कार्यक्रम"** संचालन गरिनेछ ।

१९. जन प्रकाश माविमा भारतीय राजदुतावासको सहयोगमा निर्माणाधिन तर हाल अलपत्र अवस्थामा रहेको भवनको निर्माण कार्यलाई निरन्तरता दिनका लागि सम्बद्ध निकायमा प्राथमिकताका साथ पहल गरिनेछ ।

२०. नगरपालिका स्तरमा विद्यालय तहमा अध्ययन गर्ने विद्यार्थिहरुको सिर्जनात्मक क्षमताको अभिवृद्धि गर्नका लागि नृत्य, संगित र खेलकुद शिक्षकको व्यवस्थापन गरिनेछ ।

२१. विद्यार्थिहरुलाई योग, ध्यान र साधना प्रति आकर्षित गर्न नगरपालिका भित्रका विद्यालयहरुमा समय समयमा योग शिविर संचालन गरिनेछ ।

२२. दिर्घकालिन, मध्येकालिन र अल्पकालिन शैक्षिक योजनाको निर्माण गरि कार्यान्वयनमा ल्याईनेछ ।

२३. नगरपालिकाका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुले कार्यालय समयमा मादक पदार्थ सेवन गरेको जानकारी हुन आएमा निजहरुलाई कारबाहिको दायरामा ल्याईनेछ ।

२४. सामुदायिक विद्यालयहरुमा विगतमा नगर शिक्षक, करार शिक्षक, अनुदान शिक्षक, इसिडी स.का., र राहत शिक्षकहरुको नियुक्तिमा देखिएको अपाच्य राजनितिकरणलाई पुर्ण रुपमा अन्त्य गरि योग्यता क्षमताको आधारमा शिक्षक तथा कर्मचारीहरुको नियुक्ति र विद्यार्थि तथा शिक्षङ्क अनुपातको आधारमा शिक्षकहरुको दरबन्दी मिलान तथा हेरफेर गरि व्यवस्थापन गरिनेछ ।आवश्यकता अनुसार विद्यालयहरुलाई मर्ज गर्ने कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ ।

२५. नगरस्तरमा सिकाई उपलब्ध कमजोर भएका विद्यालयहरुको अवस्थालाई मध्येनजर गरी सुधारात्मक कार्य गरिनेछ ।

२६. जनप्रकाश मावि कोल्टि र बाँधु मावि भारतिकौशाडीमा प्राविधिक धार तर्फको शिक्षालाई नियमिति गर्नका लागि आवश्यक पहल, समन्वय र सहयोग गरिनेछ ।आधारभुत मापदण्डका आधारमा उत्कृष्ट विद्यालय, विद्यार्थि, शिक्षक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई पुरस्कृत गरिनेछ ।

२७. बालमैत्रि स्थानीय शासन प्रणालीलाई अबलम्बन गर्दै सामुदायिक विद्यालयहरुमा विद्युतिय हाजिरी र ईन्टरनेट सहितको ICT जडान गरि विद्यालयलाई प्रविधि मैत्री बनानेछ ।

२८. जन प्रकाश मावि कोल्टि, बाँधु मावि भारतिकौसाडी र सत्य मावि पाण्डुसैनमा व्यवस्थित छात्रवास निर्माणका लागि आवश्यक पहल गरिनेछ । साथै मौसमी बसाईसराईका कारण भोटे जनजातिका

बालबालिकाहरुको अध्ययनमा परेको समस्यालाई मध्येनजर गर्दै आवासिय विद्यालय कार्यक्रम संचालन गर्न पहल तथा समन्वय गरिनेछ ।

२९. विद्यालय तथा शिक्षकहरुको नियमन गर्नका लागि दैनिक **"टेलि अनुगमनलाई"** प्राथमिकता दिईनेछ ।

३०. नगरपालिकाका प्रत्येक टोलहरुमा टोल शिक्षा समिति र वडामा वडा शिक्षा समिति गठन गर्ने कार्यलाई अगाडि बढाईनेछ ।

३१. नगरपालिका भित्र संचालित विभिन्न सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थिहरुको सिकाई उपलब्धि न्युन देखिएकाले त्यस्ता विद्यार्थिहरुको पहिचान गरि सुधारात्मक कक्षा मार्फत सिकाई उपलब्धिलाई सुधार गरिनेछ ।

३२. नगरस्तरिय **"अन्तर विद्यालय नगर प्रमुख खेलकुद सप्ताहा"** कार्यक्रम संचालन गरिनेछ ।

३३. नगरपालिका भित्रका माध्यामिक विद्यालयहरुमा **"Boys and Girls Scout Troop"** तालिम संचालन गरिनेछ ।

३४. नगरपालिका भित्रका सबै विद्यालयहरुमा प्राथमिक उपचारका लागि निःशुल्क रुपमा प्राथमिक उपचार किटको व्यवस्था गरिनेछ ।

३५. नगरपालिका भित्र रहेका सामुदायिक अध्ययन केन्द्रहरुको अवस्थालाई अनुगमन तथा मुल्याङ्कन गरि व्यवस्थित गरिनेघ । ।

## स्वास्थ्य क्षेत्रः

३६. **"स्वस्थ नगरबासीः स्वस्थ नगर"** भन्ने मान्यतालाई आत्मसात गर्दै गुणस्तरिय स्वास्थ्य सेवामा सबै नगरबासिको समतामुलक पहुँच सुनिश्चित गरिनेछ ।नगरभित्रका सबै बर्थिङ्ग सेन्टरहरुको गुणस्तर सुधार गरि सुरक्षित मातृत्व सेवाका लागि SBA तालिम प्राप्त जनशक्ति परिचालन गरिनेछ ।

३७. नगरपालिकाका प्रत्येक स्वास्थ्य संस्थाको मासिक रिपोर्टिङ गर्ने कामलाई व्यवस्थित र अनलाईन प्रणालिमा आवद्ध गराईनेछ । महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृद्धिका लागि प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।उमेर पुगेका स्वयंमसेविकाहरुका लागि नेपाल सरकारको **सुनौलो अवकाश योजनालाई** थप व्यवस्थित बनाईनेछ ।उत्कृष्ट स्वास्थ्यकर्मीहरुलाई पुरस्कृत गरिनेछ । नगरपालिका क्षेत्र भित्रका ७० वर्षभन्दा माथिका जेष्ठ नागरिकहरु र फरक क्षमता भएकाहरुको तथ्याङ्क संकलन गरि

वडा कार्यालय तथा वडामा रहेका स्वास्थ्य संस्था मार्फत उनीहरुको रोग अनुसारको निःशुल्क औषधि वितरण गरिनेछ । प्राथमिक स्वास्थ्य केन्द्र, कोल्टिमा टेलिमेडिसिन सेवा संचालन गर्नुका साथै सर्वसाधारणलाई सहुलियत रुपमा औषधि उपलब्ध गराउनका लागि फार्मेसी सेवा संचालन गर्नुका साथै भिडियो एक्सरे सेवा पनि संचालन गरिनेछ ।स्वास्थ्य बिमा कार्यक्रमलाई व्यवस्थित गरि यस नगरपालिकाका सम्पुर्ण जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अनिवार्य रुपमा स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गराईनेछ ।

३८. एस.ई.ई. र कक्षा १२ को वार्षिक परिक्षा दिएर बसेका किशोर किशोरिहरुका लागि प्रजनन स्वास्थ्य, प्रजनन अधिकार, यौनिक शिक्षा जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

३९. स्वास्थ्य सेवालाई सर्वसुलभ बनाउन " **नगर प्रमुख घरघर चिकित्सक अभियान** " संचालन गरिनेछ । नगरपालिका भित्रका गर्भवति तथा अन्य अति संवेदनशिल बिमारीहरुका लागि निःशुल्क एम्बुलेन्सको सुविधा उपलब्ध गराईनेछ ।

४०. यस नगरपालिका अन्तर्गतको प्राथमिक स्वास्थ्य केन्द्र, कोल्टि लगाएत अन्य सम्पुर्ण स्वास्थ्य संस्थाहरुको पुर्वाधार तथा व्यवस्थापनमा व्यापक सुधार ल्याईनेछ । पाण्डुसैन स्थित पाण्डुसैन स्वास्थ्य चौकीमा बिमारीहरुको रगत, दिसा तथा पिसाब जाँच गर्नका लागि प्रयोगशाला सेवा बिस्तार गरिनेछ ।जनताको आवश्यकतालाई मध्ये नजर गर्दै गेटा आँखा अस्पतालको प्राविधिक सहयोगमा यस नगरपालिकाको कोल्टि बजारमा **"आँखा उपचार क्लिनिक"** स्थापना गरिनेछ

४१. स्वास्थ्य संस्थाहरुमा सुशासनलाई प्रवर्धन गर्नका लागि स्वास्थ्य संस्था व्यवस्थापन समिति पुर्नगठन हुन बाँकी रहेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समिति पुर्नगठन कार्य टुङ्गयाईनेछ ।धुम्रपान, मद्यपान र लागु औषध सेवन र दुर्व्यसनीलाई न्युनिकरण गर्न विभिन्न चेतनामुलक कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ ।नगरपालिका भित्र रहेको आयुर्वेद औषधालय मार्फत योग, ध्यान, साधना केन्द्र र प्राकृतिक चिकित्सा सेवा संचालनका लागि प्रोत्साहन गरिनेछ ।

४२. स्वस्थ नागरिक, स्वस्थ समाज, स्वस्थ जीवन र त्यसका लागि स्वस्थ उत्पादन र उपभोगको अवधारणालाई प्राथमिकता दिईनेछ ।नगरपालिका भित्र स्वास्थ्य बिमा कार्यक्रमलाई अनिवार्य गरिनेछ ।

४३. यस नगरपालिकाको समन्वय र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्राविधिक सहयोगमा समय समयमा विभिन्न प्रकृतिका स्वास्थ्य शिविरहरु संचालन गरिनेछ ।

४४. जनताको मागलाई मध्ये नजर गर्दै पाण्डुसैनको उपयुक्त स्थानमा **"आयुर्वेद औषधालयको सेवा केन्द्र"** स्थापना गरिनेछ ।

## कृषि तथा पशुपन्छी क्षेत्र

४५. कृषिको विशिष्टिकरण, विविधिकरण, आधुनिकिकरण तथा व्यावसायीकरण गरी उत्पादन परिणाम तथा गुणस्तर अभिवृद्धि गरिने निति लिईनेछ ।

४६. नगरपालिका भित्रको कृषियोग्य जमिनको पहिचान र संरक्षण गर्दै कृषि उत्पादनको क्षेत्रको विविधिकरण तथा विशिष्टिकरण मार्फत समुदायलाई आत्मनिर्भर बनाउन संघिय र प्रदेश सरकारसँगको सहकार्यमा आवश्यक रणनिति तय गरिनेछ ।

४७. १०० वटा भन्दा बढि फलफुलका बोटबिरुवाहरुलाई लगाई बिरुवा हुर्काउने कृषकहरुका लागि थप प्रोत्साहन गरिनुका साथै आगामी आर्थिक वर्षदेखि वडा कार्यालयको सिफारिसका आधारमा फलफुलका बिरुवाहरुको माग एकिन गरि ५० प्रतिशत अनुदानमा फलफुलका बिरुवाहरु उपलब्ध गराईनेछ ।

४८. कोल्टि बजारमा व्यवस्थित तरकारी संकलन केन्द्र स्थापना गरिनुका साथै दुग्ध डेरी स्थापना गर्ने व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ ।साथै व्यवस्थित रुपमा दुग्ध डेरी संचालन गर्ने २ जना व्यवसायीलाई ७५ प्रतिशत अनुदान उपलब्ध गराईनेछ ।

४९. नगरपालिका भित्र गाउँ घरका जिउलाहरुका खेतमा पानी हाल्ने खेताला र बालीहरुको हेरचाह गर्ने नोराल्याहरुलाई प्रोत्साहन गर्नका लागि **"खेताला र नोराल्या प्रोत्साहन कार्यक्रम"** संचालन गरिनेछ ।

५०. खुला मासु बिक्रि वितरण, ओसार प्रसार तथा कुखुरा फर्महरुलाई व्यवस्थित गर्न मापदण्ड बनाई लागु गरिनेछ ।

५१. नगरपालका क्षेत्रको उपयुक्त स्थानको पहिचान गरिन आधुनिक बधशाला बनाउने कामलाई प्राथमिकतामा राखिनेछ ।

५२. किसानहरुको गोठ तथा फार्ममा पुगी पशुपंक्षी सेवा दिने तथा कृषकहरुको खेतीबाली लगाएकै ठाउँमा गएर प्राविधिक सेवा दिने प्रबन्ध मिलाईनेछ ।कृषि पकेट क्षेत्र घोषणा गरि दिर्घकालिन रुपमा कृषि उत्पादनमा आत्मनिर्भर बनाउन योजनाबद्व रुपमा काम गरिनेछ ।

५३. उत्कृष्ट कृषकलाई पुरस्कृत गरिनेछ । नगरपालिका क्षेत्र भित्रको सार्वजनिक खाली जमिनमा डाले घाँस तथा भुई घाँस रोपण कार्यक्रमलाई सुरुवात गरिनेछ ।जर्सि गाई पाल्न चाहने कृषकहरुका लागि खरिद तथा ढुवानीमा ७५ प्रतिशत अनुदान, मापदण्ड बमोजिम र व्यवसायीक रुपमा बंगुर पालेका कृषकहरुको लागी ५० प्रतिशत अनुदान, अन्तर पालिका कृषक भ्रमण, पशुपन्छीहरुको तथ्याङ्क संकलन जस्ता कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

५४. नगरपालिका भित्रका व्यावसायिक कृषकहरुलाई फलफुल नर्सरी तथा बिउ बैंक स्थापना गर्नका लागि ७५ प्रतिशत अनुदान उपलब्ध गराईनेछ ।

५५. कृषकहरुको आवश्यकतालाई मध्ये नजर गरी **" पाण्डुसैनको उपयुक्त स्थानमा कृषि तथा पशु सेवा केन्द्र "** स्थापना गर्ने कामलाई प्राथमिकता दिईनेछ ।

५६. नगरपालिकाका वडा नं १, २, ५, ६ र ७ मा कागति, सुन्तला र केरा पकेट र ३, ४, ८, ९ र १० मा स्याउ, आलु र ओखर पकेट कार्यक्रम संचालन गरिनेछ ।

५७. उन्नत जातका राँगा, साँढ, बोयर जातका बोका खरिद तथा ढुवानीमा अनुदान दिने निति लिईनेछ ।

## सहकारी क्षेत्र

५८. सहकारी संस्थाहरुको सुढृढीकरण, विकास र प्रवर्धनको लागि नियमित अनुगमन, नियमन र निरीक्षणको व्यवस्था मिलाईनेछ ।नगरभित्रका सहकारीसँग सम्बन्धित अभिलेख अद्यावधिक गरिनेछ साथै नगरपालिकामा दर्ता भएका सम्पुर्ण सहकारी संस्थाहरुलाई COPOMIS मा दर्ता भै अनिवार्य रुपमा प्रमाणपत्र लिन बाध्य बनाईनेछ ।आम नागरिकहरुलाई सहकारी संस्था, नागरिक समाज, विकास साझेदार, शैक्षिक क्षेत्र, संचार जगतका साथै सम्बद्ध सामाजिक संघ तथा संस्थाहरुलाई परिचालन गरिनेछ ।नगरस्तरिय सहकारी संजाल गठन प्रक्रिया अगाडि बढाईनेछ ।

## उद्योग तथा रोजगारी

५९. विकासको मेरुदण्डको रुपमा रहेको उद्योग क्षेत्रमा युवाहरुलाई आकर्षित गर्न प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।हाल नगरपालिका भित्र संचालनमा रहेका जुनसुकै प्रकारका उद्योग व्यवसायहरुलाई कानुनी रुपमा दर्ता प्रक्रियामा ल्याई व्यवस्थित गरिनेछ ।

६०. नगरपालिपकाका कम्तिमा १५० जना बेरोगार नागरिकहरुका लागि प्रदेश सरकारसँगको समन्वयमा विभिन्न सिपमुलक तालिम प्रदान गरि आत्मनिर्भर बनाईनेछ ।

६१. नगरपालकिकाको प्रशासनिक भवन परिसरमा **"कोसेली घर"** स्थापना गरिनेछ ।

## पर्यटन क्षेत्र

६२. बडिमालिका नगरपालिका र हिमाली गाउँपालिकासँगको सिमाना विवादको अन्त्य गरि पादुका र पोरखे लेकको सिमानामा आकर्षक प्रवेशद्वाराको निर्माण गरिनेछ ।

६३. नगरभित्रका विभिन्न गाउँ, टोल र सार्वजनिक स्थलहरुमा रहेका पिपलका रुखहरुमा आकर्षक चौतारीको निर्माण गरिनेछ ।

६४. नगरभित्र रहेका ताल, तलैया, वनभोज तथा पर्यटकिय स्थलहरुको संरक्षण तथा स्तरोन्नतिका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

६५. धार्मिक, सांस्कृतिक एवं लोक परम्परा र स्थलहरुको पहिचान, संरक्षण र विकासमा जनसहभागिता परिचालन गरिनेछ ।नगरभित्र रहेका पर्यटकिय स्थलहरु र अमुर्त सांस्कृतिक सम्पदाहरुको संरक्षण एवं सम्बर्दन गर्ने कार्यमा स्थानीय टोल विकास संस्था, आमा समुह, क्लब लगाएत स्थानीय समुदायलाई प्रोत्साहन गरिनेछ । स्थानीय लोकबाजाहरुको संरक्षण र संवर्दनका लागि समुह गठन प्रक्रिया अगाडी बढाईनेछ ।

६६. यस ननगरपालिका रहेका बुढिनन्दा ताल, कालेगाड झरना, सिमकुरु, पोरखेगडि, मलिका पाटन, सागरकोटि माई, कालाजग्र, तलिगोठी कैलाश मन्दिर, पादुकाधाम, थिमकोट कैलाश मन्दिर लगाएतका क्षेत्रहरुको विकास र प्रवर्द्धन गरी आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गर्ने निति लिईनेछ ।

६७. यस नगरपालिकाको पुण्य भुमि तथा तिर्थ स्थल बुढिनन्दा क्षेत्रको जैविक विविधता योजना तयार गरि पर्यापर्यटन प्रवर्द्वन गर्ने निति लिईनेछ ।

६८. यस नगरपालिका वडा नः७ स्थित ढाडनाउला सागकोट क्षेत्रमा नगर उद्यानको निर्माण गर्ने कामलाई अगाडि बढाईनेछ ।

## साहित्य, कला र संस्कृति

६९. मौलिक सिर्जनाका माध्यमद्वारा समाजका उपयोगि कृतिहरुको संरक्षण, विद्वानहरुको सम्मान र साहित्यिक गतिविधिहरुको प्रवर्धन गरिनेछ ।समाजमा विद्यमान छाडा संस्कृतिलाई निरुत्साहित गर्दै मौलिक र हितकारी सांस्कृतिक मुल्य मान्याताको विकासका लागि विविध कार्यक्रम संचालन गरिनेछ । नगरभित्रका उत्कृष्ट कलाकारहरु पुरस्कृत गर्ने, कलाको संरक्षण गर्ने लगाएतका कामलाई प्राथमिकतामा राखिनेछ ।नगरपालिका भित्र लुकेर रहेका प्रतिभाहरुको पहिचानको लागि विभिन्न प्रकारका मैत्रिपुर्ण प्रतिस्पर्धा गरी कला, साहित्य र सृजनाको संरक्षण र सवर्धन गरिनेछ ।नगरपालिकाको " **आफ्नै नगर गीत र लोगो** " निर्माण गरिनेछ ।

७०. यस नगरपालिका रहेका मुस्लिम तथा भोटे जनजाति समुदायहरुको कला, संस्कार, परम्परा, चालचलनहरुको संरक्षण र स्तोरन्नतीका लागि आवश्यक पहल गरिनेछ । नगरपालिकाको स्थानीय पाठ्यक्रम बनाउने कामलाई सुरुवात गरिनेछ ।

## भौतिक पुर्वाधार

७१. निर्माणाधिन नगरपालिकाको प्रशासनिक भवनलाई आगामि आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ भने दशवटै वडा कार्यालयहरुका आफ्नै भवनहरुको निर्माण गर्ने कामलाई प्राथमिकतामा राखिनेछ ।

७२. नगरपालिकाको विद्युत र संचार सेवालाई भरपर्दो र गुणस्तरिय बनाउन नेपाल विद्युत प्राधिकरण र नेपाल टेलिकमसँग तत्कालै समन्व र सहकार्यलाई पहिलो प्राथमितामा राखिनेछ ।

७३. संघिय र प्रदेश सरकारद्वारा निर्माणाधिन सडक, पक्की पुल, खेल मैदान, विद्यालय भवन, झुलङ्गे पुल लगाएत अन्य निर्माणका कामलाई निरन्तरता दिनका लागि पहल गरिनेछ ।वडा नः१ शेरकोट स्थित पिपलको रुख नजिक रहेको बस पार्कलाई व्यवस्थित गरिनेछ ।

७४. बिस लाख भन्दा माथिका सम्पुर्ण निर्माणजन्य कार्यहरु सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार विद्युतिय ठेक्का प्रक्रियाबाट सप्पादन गर्ने व्यवस्था मिलाईनेछ ।समान्यतया बिस लाख भन्दा तलका योजनाहरु मात्र उपभोक्ता समितिबाट सम्पादन गरिनेछ ।निर्माण कार्यको गुणस्तर कायम राख्न आवश्यक अनुगमन, मुल्याङ्कन प्रमाणीलाई कडाईका साथ लागु गरिनेछ ।

## सुचना तथा संचार

७५. नगर भित्रका सामुदायिक रेडियोहरुका साथै संचारकर्मीहरुको क्षमता अभिवृद्धिका लागि कार्यक्रमहरु संचालन गरिनेछ ।स्थानीय संचार माध्यमहरुको कार्यसम्पादन र प्रभावकारिताको आधारमा साझेदारीको निति लिईनेछ ।

७६. जनताको सुसुचित हुन पाउने सुचनाको हकको प्रत्याभुति गर्न कार्यलयबाट सम्पादित कार्यहरुको सार्वजनिक सुनुवाई, साप्ताहिक रेडियो कार्यक्रम, कृषि कार्यक्रम, मासिक सार्वजनिकीकरण गर्ने कामलाई प्राथमिकता दिईनेछ ।नगरपालिकाको विकास निर्माण, सुशासन, सेवा प्रवाह, सामाजिक सचेतना लगाएतका विषयमा कलम चलाउने संचारकर्मि तथा मिडिया हाउसलाई पुरस्कृत गर्नका लागि उत्कृष्ट पत्रकारिता पुरस्कारको व्यवस्था गरिनेछ ।**"पेपर लेस "** कार्यालय बनाउनका लागि आवश्यक पुर्वाधार खडा गरिनेछ ।

## विपद व्यवस्थापन

७७. नगर विपद व्यवस्थापन कोषमा आवश्यक स्रोतको व्यवस्थापन गर्नका लागि सहयोगि तथा सरोकालाहरुलाई आह्वान गरिनेछ भने उक्त रकमको परिचालनलाई पारदर्शि र व्यवस्थित गरिनेछ ।विपद पुर्व तयारी, विपद व्यवस्थापन, क्षति न्युनिकरण लगायतका विषयहरुलाई समेटि विपद प्रतिकार्य योजना निर्माण गरिनेछ ।सरोकारवाला निकायहरुसँगको सहकार्यमा विपद सम्बन्धि विविध कार्यहरु संचालन गरिनेछ । नगर प्रहरीहरुलाई विपद व्यवस्थापनका कामहरुमा परिचालन गरिनेछ ।

७८. विपद र महामारीलाई ध्यानमा राखी प्राथमिक स्वास्थ्य केन्द्र कोल्टि, पाण्डुसैन स्वास्थ्य चौकी पाण्डुसैन र बाधु स्वास्थ्य चौकी भारतीकौशाडीमा प्राथमिक उपचार किटलाई तयारी अवस्थामा राख्न पहल गरिनेछ ।

७९. नगरपालिका भित्र रहेका रेडक्रसका उप शाखाहरुलाई सक्रिय बनाई विपदजन्य क्रियाकलाप तथा अन्य रचनात्कक कार्यमा लगाउन पहल गरिनेछ ।

## वन तथा वातावरण संरक्षण

८०. नगरपालिका भित्रको पर्ति, बाँझो, सार्वजनिक खाली जग्गा, सडक किनार, नदी आसपास लगाएतका क्षेत्रहरुमा वृक्षारोपण तथा वन विस्तार कार्यक्रम संचालन गरिनेछ ।सामुदायि वन, डिभिजन वन कार्यालय बाजुरा र ईलाका वन कार्यालय कोल्टीसँगको सहकार्यमा नर्सरीको स्थापना गरि नगरपालिकाको आवश्यकता अनुसारका बिरुवाहरुको उत्पादन गरिनेछ ।**"जन्मदिनमा वृक्षारोपण "** कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ ।

८१. स्थानीय नागरिकलाई परिवर्तित जलवायु असन्तुलनको जीवनशैली, उत्पादन र उपभोगको पद्धितिको अभ्यास गर्न आवश्यक ज्ञान, सिप, क्षमता अभिवृद्धि गर्न प्रोत्साहन गरिनेछ ।

८२. नगरपालिका भित्रका प्राकृतिक स्रोत साधन जडीबुटिहरुको संरक्षण र चोरी निकासिलाई नियन्त्रण गर्नका लागि डिभिजन वन कार्यालय बाजुरालाई कम्तिमा ३ वर्षसम्म जडिबुटि पुर्जि संकलनका लागि अनुमति नदिनका लागि अनुरोध गरि जडिबुटि संकलनलाई रोक्न पहल गरिनेछ ।

८३.  वडा नः १, २, ३ र ५ को क्षेत्रमा पर्ने खाली तथा नाङ्गा डाँडाहरुमा वृक्षारोषण कार्यक्रम संचालन गरिनेछ ।

८४.  कोल्टि बजारका प्रत्येक घरमा जातको ज्याकुइन्डर जातको फुल रोपण कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ ।सोको लागि ज्याकुइन्डर जातको फुल निःशुल्क रुपमा उपलब्ध गराईने निति लिईनेछ ।

## खानेपानी तथा सरसफाई

८५.  कोल्टि बजार क्षेत्र लगाए नगरपालिकाका सम्पुर्ण वडाहरुमा खानेपानीमा देखिएको समस्यालाई सम्बोधन गर्न तत्काल पहल गरिनेछ । कोल्टि बजारको उपयुक्त स्थानमा सुविधासम्पन्न सार्वजनिक शौचालय र खानेपानी धाराहरुको निर्माण गरिनेछ।

८६.  नगरपालिकाका मुख्य मुख्य बजार क्षेत्रहरुको सरसफाईलाई मध्य नजर गर्दै उपयुक्त स्थानमा फोहोर संकलन गर्नका लागि डस्बिनको व्यवस्था गरिनेछ ।

८७.  घर, टोल, गाउँ र बजार क्षेत्रलाई पुर्ण सरसफाईयुक्त बनाउन सरसफाई कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ ।

८८.  नगरपालिकामा निःशुल्क रुपमा धुवारहित चुलो वितरण गरिनेछ ।

## महिला, बालबालिका, फरक क्षमता तथा जेष्ठ नागरिक

८९.  महिला, बालबालिका, फरक क्षमता तथा जेष्ठ नागरिकसँग सम्बन्धित चेतनामुलक प्रचारप्रसार सामग्रीहरुको उत्पादन, प्रकाशन, प्रसारण र वितरण गरिनेछ ।महिलामाथि हुने हिंसा न्युनिकरणका लागि अभियान संचालन गरिनेछ ।किशोरीहरुको बहुआयामिक विकास, लैङ्गिकतामा आधारित हिंसा प्रजनन स्वास्थ्य र बाल अधिकार प्रवद्बन गर्न कार्यक्रम संचालन गरिनेछ ।

९०.  जनप्रतिनिधहरुलाई लैङ्गिक समानता, महिला सशक्तिकरण, लैङ्गिक हिंसा निवारण तथा बाल अधिकार सम्बन्धि अभिमुखिकरण गरिनेछ । हाम्रो समाजमा कुप्रथाको रुपमा जरा गाडेर बसेको छाउपडि प्रथालाई निर्मुल पार्न छाउगोठ भत्काउनेदेखि विभिन्न प्रचारात्मक र अभियानात्मक कार्यक्रम संचालनलाई प्राथमिकताका साथ संचालन गरिनेछ ।

९१.  नगरभित्रका जेष्ठ नागरिकहरुको संरक्षण, नियमित र निशुल्क स्वास्थ्य परिक्षण र उपचारको प्रबन्ध, स्वास्थ्य शिविर, सम्मान कार्यक्रमलाई नगर सरकारमार्फत संचालन गरिनेछ । ७० वर्ष माथिका बृद्धबृद्वाहरु तथा अपाङ्गहरुलाई निशुल्क रुपमा निमोनिया विरुद्वको भ्याक्सिन लगाउनुका साथै उनीहरुको स्वास्थ्य अवस्था अनुसारको औषधि वितरण गरिनेछ ।

९२.  प्रत्येक वडा तथा टोलहरुमा **" जेष्ठ नागरिक क्लब गठन "** गरि नगरपालिका भित्र सक्रिय गैरसरकारी संस्थाहरुसँगको सहकार्यमा विभिन्न रचनात्मक क्रियाकलापहरु संचालन गरी उनीहरुको जीवनशैलीलाई सहज बनाउन **"जेष्ठ नागरिक मिलन केन्द्र"** निर्माण गर्ने कामलाई प्राथमिकतामा राखिनेछ ।

९३.  दलित, जनजाति र महिलासँग उप प्रमुख कार्यक्रम संचालन गरिनेछ ।

९४. अनाथ तथा असहाय बालबालिकाहरुको अध्ययन अध्यापनमा सहयोग पुग्ने हेतुले अनाथ तथा असहाय बालबालिकासँग उप प्रमुख कार्यक्रम संचालन गरिनेछ ।

९५. यस नगरपालिकाकाको केन्द्रभन्दा टाढा रहेका वडाहरुमा ७० वर्षभन्दा माथिका जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरु, अशक्त व्यक्तिहरुको सामाजिक सुरक्षा भत्तालाई सहज रुपमा वितरण गर्नका लागि राष्ट्रिय वाणिज्य बैंक कोल्टिसँग सहाकार्य गरिनेछ ।

९६. फरक क्षमता भएका व्यक्तिहरुद्वारा संचालित उद्योग व्यवसायहरुलाई सहुलियत प्रदान गर्ने निति लिईनेछ । अलपत्र तथा व्यवारिसे नागरिकहरुको संरक्षण र व्यवस्थापन गरिनेछ ।

## सामुदायिक तथा गैरसरकारी संस्था

९७. नगरपालिकाभित्र क्रियाशील गैरसरकारी संस्थाहरुको परिचालन, नियमन, अनुगमन, मुल्याङ्कन र सहजिकरण गरिनेछ ।गैरसरकारी संस्थाद्वारा नगरक्षेत्रभित्र संचालन गर्ने सबै कार्यक्रम नगपालिकाको वार्षिक योजनामा समावेश गर्ने र नगरपालिकाले तोकेको स्थानमा कार्यक्रम संचालन गर्ने निति लिईनेछ ।

## यातायात

९८. सवारी दुर्घटना न्युनिकरण र सुरक्षित यात्रासँग सम्बन्धित सचेतनामुलक कार्यक्रमहरु अभियानका रुपमा संचालन गरिनेछ ।ट्राफिक प्रहरीसँगको सहकार्यमा मुख्य मुख्य बजारका केन्द्रहरुमा ट्राफिक संकेट चिन्हहरु निर्माण गर्नुका साथै मासिक रुपमा सामुदायिक तथा सस्थागत विद्यालयहरुमा ट्राफिक नियम सम्बन्धि चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

९९. सार्वजनिक सावारी साधनहरुबाट हुने फोहोरलाई व्यवस्थित गर्न नगरपालिका भित्र चल्ने प्रत्यक बस तथा जिपहरुमा अनिवार्य रुपमा डस्बिन राख्ने व्यवस्था मिलाउने विभिन्न यातायात प्रालिहरुलाई निर्देशन दिई अनुगमन पनि गरिनेछ ।

## खेलकुद

१००. खेल क्षेत्रको विकास र विस्तारमा योगदान पुर्याउने र राष्ट्रिय तथा अन्तराष्ट्रिय मंचहरुमा उत्कृष्ट खेल प्रदर्शन गर्ने बाजुरा जिल्लाका खेलकुद कर्मिहरुलाई प्रोत्साहन गरिनेछ ।खेल क्षेत्रमा भएका प्रतिभाहरुको प्रस्फुटन गर्न तथा प्रतिभाहरु उत्पादन गर्न प्रत्येक वर्ष नेपालीहरुको महान चाड वडादशैं र तिहारको बिचमा जिल्ला स्तरिय नगर प्रमुख कप फुटबल प्रतियोगिता आयोजना गरिनेछ ।

## स्वयंसेवक सेवा

१०१. स्वयंसेवाको महत्वलाई समाज, टोल र बस्तीस्तरमा स्थापित गर्न स्वयंसेवाको दायरालाई सामाजिका जीवनका अन्य आयामहरुमा विस्तार गरि समुदायस्तरबाटै स्वयंसेवी कृयाकलापहरु

अगाडी बढाईनेछ ।स्वयंसेवालाई व्यक्तिको जिवन पद्वतिको रुपमा विबास गर्न सबै विद्यालय तथा शिक्षण संस्थालाई आह्वान गरि विद्यार्थिहरुमा स्वयंसेवी भावनाको विकास हुने प्रणालीको सुरुवात गर्न विभिन्न सामाजिक कार्यहरुमा संलग्न गराईनेछ ।खेलकुद, सामाजिक विकास, वातावरण संरक्षण, प्रकोप व्यवस्थापन, सामाजिक तथा आर्थिक रुपान्तरणका विविध आयाहरुमा स्वयंसेवाको रुपमा युवाहरु परिचालन गर्ने निति लिईनेछ ।

## न्यायीक समिति

१०२. नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन अनुसार नगरपालिकालाई प्रदत्त काम, कर्तव्य र अधिकारको सुव्यवस्थित रुपमा कार्यान्वयन गरिनेछ । न्यायीक समितिको कामलाई वस्तुपरक बनाउन संस्थागत विकास गरिनेछ ।

१०३. विवाद समाधानका वैकल्पिक उपाय एवं मेलमिलाप सम्बन्धि विद्यमान प्रक्रियालाई थप स्पष्टताका साथ अगाडी बढाईनेछ । स्थानीय न्याय सम्पादन प्रक्रियालाई छिटो छरितो र थप व्यवस्थित गरिनेछ ।

१०४. न्यायिक समितिमा सर्वसाधारण नागरिकको पहुँचलाई सहज बनाईनेछ ।हिंसा पिडित महिला, अपाङ्गता भएका व्यक्ति, दलित, बालबालिका र जेष्ठ नागरिकलाई प्रदेश र संघिय सरकारको सहकार्यमा निःशुल्क कानुनी सहायता उपलब्ध गराईनेछ ।

## राजस्व प्रशासन

१०५. नगरबासीलाई कर तिर्नु बोझ नभई आफ्नो दायित्व र कर्तव्य हो भन्ने कुरा प्रत्याभुत गराउन कर प्रशासनका सर्वमान्य सिद्वान्तका आधारमा हरेक क्षेत्रमा प्रगतिशिल कर प्रमाणी अबलम्बन गरि करको दर भन्दा दायरालाई प्राथमिकता दिई सोहि अनुसार करका नितिहरु तय गरिनेछ ।राजश्व प्रशासनको क्षमता अभिवृद्धि गरि सम्भाव्यता अध्ययन पश्चात राजस्व परिचालनका थप स्रोतहरुको पहिचान गरिनेछ ।

१०६. नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐनको अधिनमा रहि ढुङ्गा, गिटि, बालुवा, रोडा, माटो लगायतका नदिजन्य पदार्थको व्यवस्थापन प्रचलित कानुन अनुसार समयमै सम्पन्न गरिनेछ । सबै आर्थिक तथा व्यापारिक क्रियाकलापहरुलाई करको दायरामा ल्याई आन्तरिक आम्दानीको दायरालाई फराकिलो बनाईनेछ ।

## सुशासन र सार्वजनिक सेवा प्रवाह

१०७. नगरपालकाको संगठन संरचना अध्ययन गरि नगर सरकारको आवश्यकता अनुसारको संगठन संरचनाको निर्माण गरिनेछ ।

१०८. नगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाहरुलाई क्रमशः डिजिटलाईजेशन गर्दै सेवा प्रवाहलाई सहज र पारदर्शी बनाईनेछ । सबै वडाहरुमा कम्प्युटर प्रणालीबाट सेवा प्रवाह गर्ने कार्यलाई तिव्रता दिई सेवा प्रवाहलाई स्वचालित बनाईनेछ । नगर सरकारका निर्णय प्रक्रिया सरल, सहज र पारदर्शी बनाईनेछ ।

१०९. आफ्नो जिम्मेवारीमा अलमल गर्ने, काम पन्छाउने, अनियमितता र भ्रष्टचारमा संलग्न हुने जोकोहिलाई कडा कारबाहि गरिनेछ । राम्रो काम गर्नेलाई पुरस्कृत हुने, काम नगर्ने एवं गैरकानुनी काम गर्ने दण्डित हुने विधिलाई कार्यान्वयनमा ल्याइनेछ ।

११०. राष्ट्र सेवकहरुमा कामप्रति तत्पर हुने, सेवाभाव सहित समयमै काम सम्पन्न गर्ने, उत्कृष्ट नतिजा दिने र जिम्मेवारी वहन गर्ने कार्यसंस्कृतिको विकास गरिनेछ । राष्ट्रसेवकहरुमा ज्ञान, सीप र पेशागत मर्यादाको विकास गरी नगर सरकारको सेवालाई नयाँ गतिका साथ संचालन गरिनेछ ।

१११. सदाचार प्रवर्धन र भ्रष्टाचारजन्य क्रियाकलापको अन्त्य गर्नको लागि भ्रष्टाचारजन्य क्रियाकलापमा शुन्य सहशिलताको निति अबलम्बन गर्दै भ्रष्टाचार गर्ने र गराउने दुवैलाई कानुनको दायरामा ल्याईनेछ ।

११२. जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीको क्षमता अभिवृद्धिका लागि कार्यक्रम संचालन गरिनेछ । नगर भित्र रहेका सुरक्षा निकायहरुको भौतिक पुर्वाधार, सवारी साधनको उपलब्धता, दरबन्दी अनुसारको जनशक्ति व्यवस्थापन लगायत अन्य संस्थागत क्षमता अभिवृद्धिका लागि आवश्यक पहल गरिनेछ ।स्थानीय सुरक्षा निकाय र सरोकारवालाहरुबीच सुरक्षा व्यवस्थालाई सबल बनाउन आवश्यक अन्तरक्रिया कार्यक्रमहरु संचालन गरिनेछ ।

११३. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन र प्रचलित अन्य कानुनले निर्दिष्ट गरेको व्यवस्था अनुसार स्थानीय तह र सामुदायिक संघ संस्थाहरुलाई स्थानीय सरकारप्रति उत्तरदायी बन्नुपर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

११४. संचार माध्यमबाट कार्यालयबाट सेवा प्राप्त गर्दा अपनाउनुपर्ने प्रक्रिया, चाहिने आवश्यक कागजातहरु, योजना तर्जुमा, कार्यान्वयन तथा भुक्तानी प्रक्रिया, करतिर्दा हुने फाईदा, घुम्ति शिविर लगायतका जानकारीमुलक सुचनाहरु प्रचार गर्ने व्यवस्था मिलाईनेछ ।

११५. कार्यालयको सेवा प्रवाहलाई सहजता प्रदान गर्न संगठन संरचना बनाई स्वीकृत गर्नु पर्ने भएकाले हाल नगरपालिकाको राजस्व बाँडफाँड स्रोतबाट मासिक रुपमा पारिश्रमिक भुक्तानी हुने करार सेवामा कार्यरत कर्मचारीहरु / स्वास्थ्यकर्मिहरुको २०७९ साल साउन १ गतेबाट करार सम्झौताको म्याद थप गरिनेछैन ।तर अति आवश्यक सेवा बन्द हुने अवस्था आएमा करार सेवामा कर्मचारीहरुको पदपुर्ति नहुन्जेलसम्म निरन्तरता दिईनेछ ।

११६. नगरपालिकामा करार सेवामा प्राविधिक शाखामा कार्यरत ईन्जिनियरलाई नेपाल सरकारले निर्धारण गरे अनुसारको स्थानीय भत्ता, महंङ्गी भत्ता र सुचना प्रविधि अधिकृतलाई कुल पारिश्रमिकको २५ प्रतिशत हुन आउने रकम / स्थानीय भत्ता / महंङ्गी भत्ता उपलब्ध गराईनेछ ।

११७. यस नगरपालिकाको स्वीकृत स्थायी रिक्त दरबन्दीहरुमा स्थायी रुपमा पदपुर्ति हुने भनी तोकिएका पदहरु प्रदेश लोकसेवा आयोगलले माग गरे अनुसार माग आकृति फाराम भरि समयमै माग गरिनेछ ।

११८. कार्यालयमा सेवा प्रवाह संचालन गर्नका लागि स्वीकृत संगठन संरचना अनुसारका कर्मचारीहरुको स्थायी पदपुर्ति नहुन्जेलसम्म आधारभुत सेवा संचालनका लागि आवश्यकता अनुसार करार सेवामा कर्मचारीहरुको पदपुर्ति गरिनेछ ।

## योजना तर्जुमा, अनुगमन एवं तथ्याङ्क प्रणाली तथा अनुसान्धान र विकास

११९. नगरबासीकाहरुका विकासका आकांक्षालाई पुरा गर्न एवं समृद्व नगरको सपनालाई यथार्थतामा परिणत गर्न योजना प्रणालीको अहंम् भुमिका रहने विषयलाई आत्मसात गर्दै समग्र योजना तर्जुमा प्रणालीलाई यथार्थपरक, व्यवहारिक समुदायको अपनत्व रहने, टिकाउ र गुणस्तरिय निर्माणको कार्यलाई सुनिश्चितता प्रदान गरिनेछ ।

१२०. पुँजिगत खर्चको गुणस्तर बढाउन **" चैत्र मसान्तभित्र सम्झौताः जेठ मसान्त भित्र भुक्तानीको "** नितिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।योजनाहरुको अनुगमन प्रणालीमा स्थानीय सरोकारवालाहरुको सहभागितालाई सुनिश्चित गरिनेछ ।विकास आयोजनाहरु तोकिएको परिणाम, गुणस्तर, लागत र समयमा सम्पन्न हुनेगरी संयन्त्र निर्माण गरिनेछ ।

## विविध क्षेत्र

१२१. नगरपालिका भित्रको यातायात सेवालाई सहज र सर्वसुलभ बनाउनका लागि आगामी आर्थिक वर्षमा **"नगर बस खरिदको"** प्रक्रियालाई तत्काल अगाडी बढाईनेछ ।

१२२. नगरपालिका भित्रका बेरोजगार नागरिकहरुलाई वर्षमा कम्तिमा १०० दिन रोजगार दिनका लागि **"नगर प्रमुख युवा रोजगार कार्यक्रम"** संचालन गरि वर्षमा कम्तिमा २०० जनालाई रोजगारी उपलब्ध गराईनेछ ।

१२३. नगरपालिका क्षेत्रभित्र प्रचलित कानुन तथा समय समयमा हुने निर्णय, नियम, मापदण्ड तथा प्रशासनिक आदेशहरुको कार्यान्वयनमा सहयोग तथा सहजिकरण गर्न, सार्वजिक तथा निजि सम्पत्तिको सुरक्षा र संरक्षण गरी कानुनको शासन स्थापित गर्दै नागरिकलाई न्याय, सुरक्षाको प्रत्याभुति गर्न, विपद तथा आकस्मिक रुपमा आउने घटनाहरुको तत्काल संवोधन गर्न लगाएतका अन्य विविध कार्यहरुमा स्थानीय सरकारको अनुभुति प्रदान गर्नका लागि **"नगर प्रहरी"** भर्नाको प्रक्रियालाई अगाडी बढाईनेछ ।

१२४. नगरपालिका भित्र अन्तरजातिय ( दलित र गैर दलित ) विवाह गर्ने जोडिहरुलाई नगद पुरस्कार सहित सम्मान गरिनेछ ।

१२५. नगरबासीका समस्या तथा गुनासोहरुलाई सम्बोधन गर्नका लागि **"हेलो मेयर कार्यक्रम "** संचालन गरिनेछ ।

१२६. गर्भवति तथा सुत्केरीसँग **"नगर उप प्रमुख कोसेली कार्याक्रमलाई"** निरन्तरता दिईनेछ ।

१२७. युवा रोजगार सुचना केन्द्र स्थापना मार्फत बेरोजगार युवाहरुको लगत संकलन गरि सिपमुलक तथा क्षमता अभिवृद्धि सम्बन्धि कार्यक्रमहरु संचालन गरिनेछ । साथै देशभित्र जुनसुकै स्थानमा रहेका रोजगारदाताहरुसँगको समन्वयमा युवाहरुलाई रोजगारीको पहुँचसम्म पुर्याउन पहल गरिनेछ ।

१२८. हलिया, खलियाहरुको लगत संकलन गरि आत्मनिर्भर बनाई क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

१२९. परोपकारी संघ संस्थाहरुलाई नगरपालिका भित्र विभिन्न विधाहरुमा सर सहयोगका गर्नका लागि आवश्यक पहल गरिनेछ ।

१३०. जोखिम बस्तिहरुको पहिचान गरि जनताहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

१३१. नगरपालिकाको छिमेकि पालिकाहरुसँग रहेको सिमा विवादलाई समाधान गर्नका लागि पहल गरिनेछ ।

१३२. नगरपालिकाको आवधिक योजना र नगर प्रोफाईल बनाउन तत्काल पहल गरिनेछ ।

१३३. बाजुरा जिल्लाका उत्तरपुर्वि क्षेत्रका चारवटै पालिकाको

१३४. बाजुरा जिल्लाका उत्तरपुर्वि क्षेत्रका चारवटै पालिकाको पायक पर्ने यस नगरपालिकाको वडा नः२ मा ईलाका प्रशासन कार्यालय स्थापना गर्ने सबै मापदण्ड पुरा भै सक्दा पनि हालसम्म स्थापना हुन नसकेकाले उक्त कार्यालय स्थापना गर्नका लागि जिल्ला प्राशासन कार्यालय बाजुरा मार्फत गृह मन्त्रालयमा थप पहल गरिनेछ ।

१३५. नगरपालिका स्तरिय विभिन्न विकास समितिहरु गठन गरि आवश्यक क्षेत्रहरुमा सघन रुपमा सक्रिय बनाईनेछ ।

१३६. यस नगरपालिका वडा नः ७ स्थित हालको मतदान केन्द्र रहेको घटाल आधारभुत विद्यालयको मतदान केन्द्र सबै मतदाताहरुको लागि अपायक पर्ने भएकाले उक्त मतदान केन्द्रको एउटा उप केन्द्र पाण्डव आधारभुत विद्यालय, सेरकाटियाँमा र वडा नः३ स्थित पंचलक्ष्मी आधारमुत विद्यालय सिराडीमा रहेको मतदान केन्द्रलाई सोहि वडाको मदन आश्रित आधारभुत

विद्यालय बङ्गालामा स्थानान्तरण गर्नका लागि जिल्ला निर्वाचन कार्यालय बाजुरा मार्फत निर्वाचन आयोगमा पहल गर्ने निर्णय गरियो ।

**उपस्थित प्रदेश सभा सदस्य, नगर उप प्रमुख तथा नगरसभाका सदस्यज्युहरु,**

१३७. बुढिनन्दा नगरपालकिकाको आर्थिक, सामाजिक, भौतिक, सांस्कृतिक लगाएतका क्षेत्रहरुको समतामुलक विकासका लागि **"सुखी जनताः समृद्ध बुढिनन्दा"** को आकांक्षा पुरा गर्ने अठोटका साथ आर्थिक वर्ष ०७९/०८० को वार्षिक निति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

१३८. यो निति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट नगरको विकासको आधारशिला खडा हुनेछ , आर्थिक पारदर्शिता र सुशासन कायम हुनेछ ।साथै निति तथा कार्यक्रम कार्यान्वयन प्रभावकारी रुपमा कार्यान्वयनमा सबै क्षेत्रबाट विशिष्ट योगदान प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

१३९. अन्त्यमा सर्वदलिय र सर्वपक्षिय क्षेत्रसँग सहकार्य र समन्वय गर्ने प्रतिबद्धताका साथ यस नगरपालिकाको आर्थिक तथा सामाजिक विकास र समृद्धिमा महत्वपुर्ण भुमिका निर्वाह गरी नगर सरकारलाई रचनात्मक सल्लाह सुझाव दिने स्थानीय सम्पुर्ण राजनैतिक दलहरु, सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु, निजि क्षेत्र, नागरिक समाज, संचार जगत तथा सम्पुर्ण बुढिनन्दाबासी आमाबुबा, दाजुभाई, दिदिबहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**बुढिनन्दा नगरपालिकाका सम्पुर्ण नागरिकरहरुको सुस्वास्थ्य, दिर्घायु, समृद्धिको कामना गर्दै बिदा हुन्छु।**

# (धन्यवाद)